# मटिहानी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
धिरापुर, महोत्तरी

प्रदेश नं. २, नेपाल

पत्र संख्या : (यो.) ०७६।०७७

चलानी नं. : १४५८

२०७७।०२।२०

मिति ..............................

विषय- नगरसभाको तयारी तथा कार्यक्रम सम्बन्धमा ।

श्री सबै वडा कार्यालयहरु(१-९),
श्री सबै शाखाहरु,
मटिहानी नगरपालिका
श्री मटिहानी नगरपालिका भित्र रहेका र मटिहानी नगरपालिका भित्र काम गर्न ईच्छुक सबैं गैर सरकारी संघ, संस्था/उपभोक्ता समिति/सहकारी संस्था लगायतका सामाजिक तथा सामुदायिक संघसंस्थाहरु ।

प्रस्तुत विषयमा यस मटिहानी नगरपालिकाको आगामी आर्थिक वर्ष २०७७।०७८ को बजेट तथा कार्यक्रम तर्जुमा गर्नका लागि पाँचौ नगरसभा निम्न कार्यक्रम अनुसार यहि मिति २०७७ साल असार १० गते बुधवार दिनको ११:३० बजे देखि प्रारम्भ हुने भएकोले निम्न तालिका अनुसार हुने गरी बजेट तथा कार्यक्रम तर्जुमा लगायतका कार्यमा सहयोग गरी दिनु हुन र चालु आ.व. को संशोधित कार्यक्रम, हाल सम्मको प्रगति विवरण, बजेट खर्च हिसाब तथा आगामी आ.व. २०७७।०७८ को लागि वडास्तरीय/नगरस्तरीय र शाखागत सञ्चालन हुने कार्यक्रम तथा बजेट तयार गरी पेश गर्नु हुन कार्यापालिकाको मिति २०७७।०२।१९ गतेको बैठकको निर्णय प्रतिलिपी समेत यसैसाथ संलग्न राखी पठाईएको ब्यहोरा जानकारीको लागि अनुरोध छ ।

निम्नः

| सि.नं. | कार्यक्रम विवरण | मिति | कार्यान्वयन |
|---|---|---|---|
| १ | संघबाट वित्तीय हस्तान्तरणको खाका एवं बजेट तथा कार्यक्रम तर्जुमा मार्गदर्शन प्राप्त गर्ने | - | प्राप्त भएको |
| २ | प्रदेशबाट वित्तीय अनुदान अनुमानित विवरण एवं बजेट तथा कार्यक्रम तर्जुमा मार्गदर्शन प्राप्त गर्ने | - | प्राप्त भएको |
| ३ | स्थानीय राजश्व परामर्श समितिको बैठक | २०७७।०२।३० | नगरपालिका |
| ४ | श्रोत अनुमान तथा कुल बजेट सीमा निर्धारण समितिको बैठक | २०७७।२।३२ गते | नगरपालिका |
| ५ | वस्ती/टोल स्तरबाट योजना छनौट | २०७७।०३।०१ देखि ०७७।०३।०२ सम्म | हरेक वडाका टोलबस्तीहरु |
| ६ | वडा स्तरीय योजना प्रायमिकीकरण | २०७७।३।०३ गते | सबै वडा कार्यालय |
| ७ | वडाबाट छनौट भएका योजना नगरपालिकामा पेश गर्ने | २०७७।०३।०४ गते | सबै वडा कार्यालय |
| ८ | क. एकीकृत बजेट तथा कार्यक्रम तर्जुमा | २०७७।३।५ देखि २०७७।३।६ सम्म | नगरपालिका |
| | ख.योजना नगर कार्यापालिकामा सिफारिस | २०७६।०३।०७ | नगरपालिका |
| ९ | कार्यपालिकामा छलफल तथा निर्णय | २०७७ असार ८ गते दिनको ११:३० बजे देखि | नगरपालिका |
| १० | नगरसभा प्रारम्भ/बजेट तथा कार्यक्रम माथि छलफल | २०७७ असार १० गते दिनको ११:३० बजे देखि | नगरपालिका |
| ११ | नगरसभाबाट बार्षिक बजेट तथा कार्यक्रम स्वीकृति | २०७७।०३।२५ गते | नगरपालिका |

बोधार्थः
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाडौं ।
श्री मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, प्रदेश नं. २, जनकपुधाम, धनुषा ।
श्री जिल्ला समन्वय समतिको कार्यालय, महोत्तरी, जलेश्वर, महोत्तरी ।
श्री जिल्ला प्रशासन कार्यालय, महोत्तरी, जलेश्वर ।
श्री नगर प्रमुखज्यू , नगर उपप्रमुखज्यू , कार्यापालिकाका संवस्यज्यूहरु ।
श्री सूचना प्रविधि शाखा,
मटिहानी नगरपालिकाः वेबसाईड, फेसबुक पेजमा राखी सबैलाई ईमेल गरी दिनु हुन ।

२/२०

चन्द्रशेखर शर्मा
प्रमुख प्रशासकीय अधिकृत

बैठकका विषयसूचीहरु:

१. वडागत बजेट सिलिङ्ग निर्धारण गर्ने सम्बन्धमा ।

२. आगामी आ.व. ०७७।०७८ को बजेट तथा कार्यक्रम तर्जुमाका चरणहरु सम्बन्धमा ।

बैठकका निर्णयहरु:

निर्णय नं. १

यस मटिहानी नगरपालिकाको आगामी आ.व. २०७७।०७८ का लागि वडागत बजेट सिलिङ्ग तथा मार्गदर्शन देहाय बमोजिम निर्धारण गर्ने निर्णय सर्वसम्मतीबाट गरियो ।

**बजेट सिलिङ्ग तथा मार्गदर्शन**

चालु आ.व. २०७७।०७८ को वडास्तरबाट छनौट हुने आयोजना तथा कार्यक्रमहरुको मार्गदर्शन देहाय बमोजिम हुनेछ ।

क. यसमा प्रत्येक वडालाई चालु खर्च तर्फ रु. ५ लाख र पूजिगत खर्च तर्फ रु.६७ लाख गरी जम्मा रु. ७२ लाखको बजेट सिलिङ निर्धारण गरिएको छ । जसलाई विभिन्न उपशिर्षकहरुमा विभाजन गरिनुपर्नेछ । नगरसभाबाट स्वीकृत भएपछि अनिवार्य रुपमा जुन जुन शिर्षक वा उपशिर्षकमा बजेट स्वीकृत भएको हो सोको सिमा भित्र अनिवार्य रुपमा रही आ.व. ०७७।०७८ का लागि खर्च गर्नुपर्ने छ । खर्च गर्दा नियमानुसारको बील भर्पाई र अन्य आवश्यक कागजातहरु समेत पेश गर्नुपर्ने छ ।

**ख. बार्षिक योजना तथा बजेट तर्जुमा गर्दा प्राथमिकता दिनु पर्ने आधारहरु :**

१. आर्थिक विकास र गरिवी निवारणमा प्रत्यक्ष योगदान पुग्ने,

२. उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,

३. जनताको जीवनस्तरमा प्रत्यक्ष फाईदा भई आम्दानी र रोजगारी बढने,

४. स्थानीय सहभागिता जुटने, स्वयंसेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,।

५. स्थानीय श्रोत सधान र सीपको अधिकतम प्रयोग हुने ।

६. महिला, बालबालिका तथा पिछडिएको क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,

७. लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने,

हरि प्रसाद मण्डल
नगरप्रमुख

दिगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्दन गर्न सघाउ पुर्‍याउने,

९. भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्‍याउने, संस्कृतिको जर्गेनामा सहयोग पुग्ने ।

१०. स्थानीय नागरिकको आवश्कता र माँगलाई सम्बोधन हुने ।

## ग. विषयगत क्षेत्र तर्फ :

वडाले आफ्नो क्षेत्रभित्र सञ्चालन गर्ने विकास क्रियाकलापहरुलाई निम्न अनुसार विषयगत क्षेत्र तोकी वार्षिक योजना तथा बजेट तर्जुमा गनुपर्नेछ ।

१. आर्थिक विकासः यस क्षेत्र अन्तर्गत कृषि, पर्यटन, उधोग तथा वाणिज्य, सहकारी, वित्तिय जस्ता क्षेत्र समावेश गर्ने ।

२. सामाजिक विकासः शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रवर्द्धन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण(महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका ब्यक्ति, दलत, आदिवासी जनजाति, मधेशी, मुस्लिम, थारु, अल्पसंख्यक आदि) जस्ता क्षेत्र समावेश गर्ने ।

३. पूर्वाधार विकासः सडक तथा पुल(झुलुङ्गे पुल समेत), सिंचाई, भवन तथा सहरी विकास, उर्जा, लघु तथा साना जलबिधुत, सञ्चार जस्ता क्षेत्र समावेश गर्ने ।

४. वन, वातावरण तथा विपद् ब्यवस्थापनःवन तथा भू-संरक्षण, जलाधार संरक्षण, जलवायु परिवर्तन, फोहोरमैला ब्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण, विपद् ब्यवस्थापन, वारुणयन्त्र सञ्चालन जस्ता क्षेत्र समावेश गर्ने ।

५. सुशासन तथा संस्थागत विकासः मानव संसाधान विकास, संस्थागत क्षमता विकास, राजश्व परिचालन, वित्तीय ब्यवस्थापन, वित्तिय जोखिम न्यूनीकरण, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, आन्तरिक र अन्तिम लेखापरीक्षण, बेरुजु फछ्यौंट, सेवा प्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा विधुतीय सूचना प्रविधिको प्रयोग, नागरिक सन्तुष्टी सर्वेक्षण र अन्तरनिकाय समन्वय जस्ता क्षेत्र समावेश गर्ने ।

६. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं. ०७६।०७७, च.नं. ४७२ र मिति २०७६।०२।२० गतेको आगामी आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेट तर्जुमा विषयक पत्रमा उल्लेख भएका विषयहरु समेत समावेश गर्ने ।

हरि प्रसाद मण्डल
नगरप्रमुख

घ. जनश्रमदान सम्बन्धमा मार्ग दर्शन :

१. पूर्वाधारका विकास निर्माण तर्फ जनश्रमदान कुल लागत अनुमानको न्युनतम १० प्रतिशत हुनु पर्नेछ ।

२. सिमान्तकृत समुह वासोवास गर्ने वा विशेष प्रकृतिका क्षेत्रहरुबाट आयोजना छनौट गरी आएको खण्डमा तोकिएको मापदण्डको अधिनमा रही जनश्रमदान हुन नसक्ने पर्याप्त र ठोस आधार देखिएमा नगरपालिकाले न्युनतम ५ प्रतिशत भन्दा कम नहुने गरी जनश्रमदानको लागत निर्धारण गर्नेछ।

निर्णय नं. २

यस मटिहानी नगरपालिकाको आगामी आ.व. २०७७।०७८ का लागि बजेट तथा कार्यक्रम तर्जुमा चरणहरु तथा वडागत भेला देहाय बमोजिम सम्पन्न गर्ने निर्णय सर्वसम्मतीबाट गरियो ।

बजेट तथा कार्यक्रम तर्जुमा चरणहरुः

| सि.नं. | कार्यक्रम विवरण | मिति | कार्यान्वयन |
|---|---|---|---|
| १ | संघबाट वित्तीय हस्तान्तरणको खाका एवं बजेट तथा कार्यक्रम तर्जुमा मार्गदर्शन प्राप्त गर्ने | - | प्राप्त भएको |
| २ | प्रदेशबाट वित्तीय अनुदान अनुमानित विवरण एवं बजेट तथा कार्यक्रम तर्जुमा मार्गदर्शन प्राप्त गर्ने | - | प्राप्त भएको |
| ३ | स्थानीय राजश्व परामर्श समितिको बैठक | २०७७।०२।३० | नगरपालिका |
| ४ | श्रोत अनुमान तथा कुल बजेट सीमा निर्धारण समितिको बैठक | २०७७।२।३२ गते | नगरपालिका |
| ५ | बस्ती/टोल स्तरबाट योजना छनौट | २०७७।०३।०१ देखि ०७७।०३।०२ सम्म | हरेक वडाका टोलबस्तीहरु |
| ६ | वडा स्तरीय योजना प्राथमिकीकरण | २०७७।३।०३ गते | सबै वडा कार्यालय |
| ७ | वडाबाट छनौट भएका योजना नगरपालिकामा पेश गर्ने | २०७७।०३।०४ गते | सबै वडा कार्यालय |
| ८ | क. एकीकृत बजेट तथा कार्यक्रम तर्जुमा | २०७७।३।५ देखि २०७७।३।६ सम्म | नगरपालिका |
| | ख.योजना नगर कार्यापालिकामा सिफारिस | २०७६।०३।०७ | नगरपालिका |
| ९ | कार्यपालिकामा छलफल तथा निर्णय | २०७७ असार ८ गते दिनको ११:३० बजे देखि | नगरपालिका |
| १० | नगरसभा प्रारम्भ/बजेट तथा कार्यक्रम माथि छलफल | २०७७ असार १० गते दिनको ११:३० बजे देखि | नगरपालिका |
| ११ | नगरसभाबाट बार्षिक बजेट तथा कार्यक्रम स्वीकृति | २०७७।०३।२५ गते | नगरपालिका |

हरि प्रसाद मण्डल
नगरप्रमुख

वडा भेलाको कार्यतालिका

| सि.नं. | मटिहानी नगरपालिका वडा कार्यालय | बस्ती/टोल स्तरबाट योजना छनौट हुने मिति | स्थान | समय | कार्यान्वयन (जिम्मेवारी) |
|---|---|---|---|---|---|
| १ | १ नं. वडा कार्यालय, धिरापुर | २०७७।०३।०१ | सिरसिया | दिनको १:०० बजे | कार्यपालिका सदस्य-श्री सुशिल साह<br>वडा समिति, वडा सचिव |
| | | २०७७।०३।०२ | सानो धिरापुर | दिनको १:०० बजे | कार्यपालिका सदस्य-श्री सुशिल साह<br>वडा समिति, वडा सचिव |
| २ | २ नं. वडा कार्यालय, धिरापुर | २०७७।०३।०१ | सिरसिया | बिहान ८:०० बजे | कार्यपालिका सदस्य-श्री रुणा कुमारी<br>वडा समिति, वडा सचिव |
| | | २०७७।०३।०१ | ठूलो धिरापुर | दिनको १:०० बजे | कार्यपालिका सदस्य-श्री रुणा कुमारी<br>वडा समिति, वडा सचिव |
| | | २०७७।०३।०२ | आवर | बिहान ८:०० बजे | कार्यपालिका सदस्य-श्री रुणा कुमारी<br>वडा समिति, वडा सचिव |
| | | २०७७।०३।०२ | बरदाहा गोठ | दिनको १:०० बजे | कार्यपालिका सदस्य-श्री रुणा कुमारी<br>वडा समिति, वडा सचिव |
| ३ | ३ नं. वडा कार्यालय, बरदाहा | २०७७।०३।०१ | बरदाहा टोल | बिहान ८:०० बजे | कार्यपालिका सदस्य-श्री सुनकेसी कुमारी चौधरी<br>वडा समिति, वडा सचिव |
| | | २०७७।०३।०२ | आवर | बिहान ८:०० बजे | कार्यपालिका सदस्य-श्री सुनकेसी कुमारी चौधरी<br>वडा समिति, वडा सचिव |
| ४ | ४ नं. वडा कार्यालय, मझौरा विसनपुर | २०७७।०३।०१ | मझौरा | दिनको १:०० बजे | कार्यपालिका सदस्य-श्री गीता कुमारी देवी<br>वडा समिति, वडा सचिव |
| | | २०७७।०३।०२ | विसनपुर | दिनको १:०० बजे | कार्यपालिका सदस्य-श्री गीता कुमारी देवी<br>वडा समिति, वडा सचिव |
| ५ | ५ नं. वडा कार्यालय, मझौरा विसनपुर | २०७७।०३।०१ | विसनपुर | दिनको १:०० बजे | कार्यपालिका सदस्य-श्री चन्द्रकली देवी<br>वडा समिति, वडा सचिव |
| | | २०७७।०३।०२ | गोबरौरा | दिनको १:०० बजे | कार्यपालिका सदस्य-श्री चन्द्रकली देवी<br>वडा समिति, वडा सचिव |
| ६ | ६ नं. वडा कार्यालय, मटिहानी | २०७७।०३।०१ | मटिहानी | दिनको १:०० बजे | कार्यपालिका सदस्य-श्री जीवछ ठाकुर<br>वडा समिति, वडा सचिव |
| ७ | ७ नं. वडा कार्यालय, मटिहानी | २०७७।०३।०१ | मटिहानी | दिनको १:०० बजे | कार्यपालिका सदस्य-श्री बेचनी देवी मण्डल<br>वडा समिति, वडा सचिव |
| ८ | ८ नं. वडा कार्यालय, मटिहानी | २०७७।०३।०१ | मटिहानी | दिनको १:०० बजे | नगर उपप्रमुख -श्री शिवो देवी साह<br>वडा समिति, वडा सचिव |
| ९ | ९ नं. वडा कार्यालय, सिमरदही | २०७७।०३।०१ | बहुअर्वा | दिनको १:०० बजे | कार्यपालिका सदस्य-श्री सकलदेव पासमान<br>वडा समिति, वडा सचिव |
| | | २०७७।०३।०२ | सिमरदही | दिनको १:०० बजे | कार्यपालिका सदस्य-श्री सकलदेव पासमान<br>वडा समिति, वडा सचिव |

हरि प्रसाद मण्डल
नगरप्रमुख